नेपाल सरकार
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**(वातावरण तथा विपद व्यवस्थापन शाखा)**

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७४/७५
च.नः २०६

मितिः२०७५।०२।०२

श्री स्थानीयतहहरु (सबै)

विषयः परिपत्र सम्बन्धमा ।

प्रस्तुत बिषयमा वन तथा वाताबरण मन्त्रालयको च.न.२ मिति २०७५/०१/२४ को पत्रानुसार " **नेपाल स्वच्छ वाताबरण महाअभियान २०७५** " घोषणा भएकोले तहा तह अन्तर्गतका सबै वडा तथा सार्वजनिक स्थानमा अनिबार्य फोहोर ब्यबस्थापन गर्न ,फोहोर नजलाउन तथा फोहोर ब्यबस्थापन गर्दा कुहिने र नकुहिने फोहोर छुट्टिने गरि फोहोर संकलन बिन राख्ने भनि यस मन्त्रालयबाट सबै स्थानीय तहहरुमा परिपत्र गरिदिन भनि लेखि आएकोले सोहि अनुसार गर्नु गराउनु हुन प्राप्त कार्ययोजना यसै साथ संलग्नगरि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ।

**(सीता दुवाडी)**
शाखा अधिकृत

**बोधार्थः**
श्री सूचना तथा विद्युतीय शासन शाखा, : संलग्न पत्र यस मन्त्रालयको वेबसाइटमा Upload गर्नुहुन
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौ

# नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ को
# वातावरणीय व्यवस्थापन सम्बन्धी तात्कालीक कार्ययोजना

## *"सफा नेपाल, स्वस्थ नेपाली"*

## *विश्व वातावरण दिवस, २०७५ लक्षित कार्यक्रमहरु*

| कार्यक्रम मिति | विषय | कार्यक्रम | संस्थागत जिम्मेवारी | | कैफियत |
|---|---|---|---|---|---|
| | | | प्रमुख | सहयोगी | |
| २०७५/२/१६ गते | सरसफाई प्रवर्द्धन गर्ने । | स्वच्छ हराभरा नेपाल महाअभियानको शुभारम्भ (माननीय वन तथा वातावरण मन्त्रीज्यूले सम्माननीय प्रधामन्त्रीज्यूलाई झाडु हस्तान्तरण गर्ने र सम्माननीय प्रधामन्त्रीज्यूको नेतृत्वमा सडकमा झाडु लगाई यस अभियानको शुभारम्भ गर्ने ।<br>• बालुवाटार क्षेत्रमा सरसफाई (वडाले व्यवस्थापन गर्ने गरी कम्तिमा ३०० स्वयं-सेवक परिचालन गर्ने साथै फोहर व्यवस्थापनका लागि फोहर मलाई लेखिएको बाल्टीन उपयुक्त स्थानमा राख्ने व्यवस्था गर्ने)<br>• काठमाण्डौ उपत्यकाका सबै सरकारी कार्यालयहरुले फोहर संकलन गर्ने बाल्टिन अनिवार्य रुपमा राख्नका लागि सम्वन्धित मन्त्रालय मार्फत् परिपत्र गर्ने (तत्कालै पत्राचार गर्ने) ।<br>• विश्व बातावरण दिवस सप्ताहको अवसरमा सप्ताहव्यापी सरसफाई कार्यक्रम गर्न काठमाण्डौ उपत्यकामा ७००० स्वयं सेवक परिचालन गरी विश्व | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय<br><br>सरकारी गैरसरकारी, निजी क्षेत्र, प्याब्सन, एन् प्याब्सन | स्थानीय तहको समन्वयमा स्थानहरु सचिवालयले तय गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वातावरण दिवसको शुभारम्भ गर्ने । (राष्ट्रिय पार्टीका अध्यक्ष तथा वरिष्ठ सदस्यहरु, माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यूहरुले एक-एक वडाको नेतृत्व गर्ने गरी सातै दिन सात फरक-फरक स्थानमा सरसफाई गर्ने । | | | |
| २०७५/२/१६ गते | वातावरण संरक्षण सम्वन्धि सप्ताहव्यापी कार्यक्रम | पोष्टर प्रतियोगिता तथा कविता प्रतियोगिता (Poster Competition (Sr.) and Poem Conmmpetition (Sr & Jr) | वातावरण विभाग | STEM Foundation Nepal | कार्यक्रम सम्बन्धी सम्पुर्ण व्यवस्था STEM Foundation ले गर्ने। |
| २०७५/२/१७ गते | अन्तरक्रिया तथा आम सञ्चारका माध्यमको प्रयोग | सघन रुपमा स्थानीय तह तथा उद्योग प्रतिष्ठानमा वातावरण व्यवस्थापनका सम्बन्धमा अनुगमनलाई प्रभावकारी बनाउन माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्यता तथा वन तथा वातावरण सचिवज्यूको अध्यक्षता साथै उद्योग, वाणिज्य तथा आपूर्ति सचिव (उद्योग)ज्यू, स्वास्थ्य सचिवज्यू, संस्कृति, पर्यटन तथा नागरीक उडयन सचिवज्यू, उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।<br><br>• प्रदेश नं. ३ को वातावरण सम्वद्ध प्रदेश मन्त्रालयका प्रतिनिधि, प्रदेश नं. ३ का सम्पूर्ण स्थानीय तहका प्रमुख, उपप्रमुख र वातावरण हेर्ने कर्मचारी, प्रदेश नं. ३ मा रहेका सबै औद्योगिक क्षेत्रहरुबाट प्रतिनिधित्व रहने गरी प्रत्येक औद्योगिक क्षेत्रबाट कम्तिमा २० जना उद्योगीहरु तथा २० जना पत्रकारहरु, शैक्षिक संस्थाहरुको सहभागिता रहने<br>• वातावरण विभागबाट कार्यपत्र | वन तथा वातावरण मन्त्रालय | प्रदेश मन्त्रालय, वातावरण विभाग, सम्बन्धित स्थानीय तहहरु | खर्चको व्यवस्था वन तथा वातावरण मन्त्रालयले गर्ने। पत्र तयार गरी पदसोपान अनुसार पत्राचार गर्ने सम्बन्धी सम्पूर्ण कार्यहरु सचिवालयबाट गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रस्तुती<br>• प्रस्तुती उपर छलफल तथा निष्कर्ष | | | |
| २०७५/२/१७ गते | वातावरण संरक्षण सम्वन्धि ससाहव्यापी कार्यक्रम | वादविवाद/वतृत्वकला प्रतियोगिता तथा पेन्टिङ्ग प्रतियोगिता | वातावरण विभाग | STEM Foundation Nepal | कार्यक्रम सम्बन्धी सम्पुर्ण व्यवस्था STEM Foundation ले गर्ने। |
| २०७५/२/१८ गते | हरियाली प्रवर्द्धन | काठमान्डौ उपत्यका केन्द्रित वृक्षारोपण गर्ने । | जिल्ला वन कार्यालय, काठमाण्डौ | नगरपालिका हरु | स्थानीय तहको समन्वयमा स्थानहरु सचिवालयले तय गर्ने । |
| २०७५/२/१८ गते | वातावरण संरक्षण सम्वन्धि ससाहव्यापी कार्यक्रम | ग्रीन ईनोभेसन च्यालेन्ज | वातावरण विभाग | STEM Foundation Nepal | कार्यक्रम सम्बन्धी सम्पुर्ण व्यवस्था STEM Foundation ले गर्ने। |
| २०७५/२/१९ गते | | वागमती र विष्णुमती किनारामा वृक्षारोपण गर्ने । | अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति | शहरी विकास मन्त्रालय | सचिवालयले आवश्यक समन्वयको लागि पत्राचार गर्ने । |
| २०७५/२/१९ गते | वातावरण संरक्षण सम्वन्धि ससाहव्यापी कार्यक्रम | सम्पदा सरसफाई | वातावरण विभाग | STEM Foundation Nepal | कार्यक्रम सम्बन्धी सम्पुर्ण व्यवस्था STEM Foundation ले गर्ने। |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७५/२/ २० गते | सवारी साधन प्रदूषण चेक जाँच | प्रयोगमा आइरहेका सवारी साधनबाट हुने प्रदूषण चेकजाँच शुरुवात गर्ने ।<br>• सिंहदरबार पश्चिम गेटमा माननीय वन तथा वातावरण मन्त्रीज्यूबाट<br>• वातावरण नीरिक्षकवाट विभिन्न स्थानमा सप्ताहव्यापी सवारी साधन प्रदूषण चेक जाँच गरी दैनिक रुपमा नतिजा सार्वजनिक गर्ने । | वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ट्राफिक प्रहरी | | |
| २०७५/२/ २० गते | वातावरण संरक्षण सम्वन्धि सप्ताहव्यापी कार्यक्रम | "भ्याली अफ राईटर्स" स्तम्भ लेखन प्रतियोगिता तथा छोटो प्रयांक भिडियो प्रतियोगिता | वातावरण विभाग | STEM Foundation Nepal | कार्यक्रम सम्बन्धी सम्पुर्ण व्यवस्था STEM Foundation ले गर्ने। |
| २०७५/२/ २१ गते | साइकल ऱ्याली | वातावरण विभागले विभिन्न संस्थाहरु संगको सहकार्यमा कम्तिमा १००० जना सम्मिलित जनचेतना मुलक साइकल ऱ्याली (जावलाखेल-थापाथली-त्रिपुरेश्वर-रत्नपार्क-प्रदर्शनी मार्ग, पर्यटन बोर्ड) को आयोजना गर्ने । | वन तथा वातावरण मन्त्रालय | वातावरण विभाग, वातावरणका क्षेत्रमा कार्यरत संघ संस्थाहरु | विश्व वातावरण दिवस, २०७५ मूल समारोह समिति र यस अन्तरगत का उपसमितिहरुले कार्यक्रमको विस्तृतिकरण गर्ने । |
| २०७५/२/ | वातावरण | "सुन्दर शहर" नाटक प्रतियोगिता तथा ग्रिन | वातावरण | STEM Foundation | कार्यक्रम |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ गते | संरक्षण सम्वन्धि सप्ताहव्यापी कार्यक्रम | एन्जल्स डायरी | विभाग | Nepal | सम्बन्धी सम्पुर्ण व्यवस्था STEM Foundation ले गर्ने। |
| २०७५/२/२२ गते | सरसफाई प्रवर्द्धन गर्ने । | विश्व बातावरण दिवस, २०७५ लाई लक्षित गरी सम्माननीय प्रधामन्त्रीज्यू मार्फत् स्वच्छ हराभरा नेपाल महाअभियान, काठमाण्डौ घोषणापत्र जारी गर्ने । | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | समितिले तय गर्ने । |
| २०७५/२/२२ गते | वातावरण संरक्षण सम्वन्धि सप्ताहव्यापी कार्यक्रम | माईतिघर मण्डलाबाट प्रभातफेरी तथा ग्रिन समिट, अवार्ड वितरण तथा समापन समारोह | वातावरण विभाग | STEM Foundation Nepal | |
| २०७५/२/२२ गते | विश्व वातावरण दिवस मूल समारोह | • मूल समारोह<br>• पुरस्कार वितरण | वन तथा वातावरण मन्त्रालय | वातावरण विभाग | विश्व वातावरण दिवस, २०७५ मूल समारोह समिति र यस अन्तरगत का उपसमितिहरुले कार्यक्रमको विस्तृतिकरण गर्ने । |